**बैठक संख्या :८०**

आज मिति २०७८/०२/०६ गते.........बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | मोहनलाल शर्मा |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | सबिता |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | पुष्पा |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृतं | |
| २५ | श्री पदम राज ओझा | स्था. वि. अ. | |
| २६ | श्री राजेश शैनी | इन्जिनीयर | |
| २७ | श्री सुरेन्द्र राजलम्साल | सा. वि. सल्लाहकार | |

**बैठकका एजेन्डाहरु :**

१. कपिलवस्तु अस्पतालमा अक्सिजन प्लान्ट स्थापना सम्बन्धमा ।

२. शसर्त बजेट अन्तर्गतका योजना सम्पन्न गर्ने सम्बन्धमा ।

३. वडा नं १२ को अस्पतालको खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा

४. समसामायिक विविध ।

**निर्णयहरु**

१. कपिलवस्तु नगरपालिकाको मिति २०७८/०२/०२ गतेको कार्यपालिका बैठकबाट कपिलवस्तु अस्पतालमा अक्सिजन प्लान्ट स्थापना गर्ने निर्णय भइ प्रक्रिया समेत अघि बढाइएको अवस्थामा नेपाल सरकारबाट सोही शिर्षकमा बजेट विनियोजन भइ सकेको हुँदा हाललाई अक्सिजन प्लान्ट स्थापना गर्ने प्रक्रिया स्थगित गर्ने निर्णय गरियो ।

२. कोभिड-१९ को कारण विकास निर्माण योजनाहरुमा पनि असर परेको हुदा शसर्त बजेट अन्तर्गतका योजनाहरुमा टेण्डरबाट बचेको रकमबाट पुनः टेण्डर गर्ने समय नभएको हुँदा त्यस्ता योजनाको बचेको रकम उपभोक्ता समिति वा कोटेशन मार्फत सम्पन्न गर्ने निर्णय गरियो ।

३. नेपाल सरकारको शसर्त अनुदान अन्तर्गत वडा नं. १२ मा अस्पताल निर्माणको लागि तयार गरिएको खरिद योजना स्विकृत गर्ने निर्णय गरियो ।

**विविध निर्णय**

४. कोभिड-१९ को विभिन्न भेरियन्टहरुको हरेक वर्ष आइरहेको यस जिल्लामै सुविधा सम्पन्न एम्बुलेन्स नभएको कारण उपचार गर्न विभिन्न स्थानमा लैजादै गर्दा बाटोमै विरामीको मृत्यु भएको सन्दर्भमा एक थान मेडिकल सुविधा सम्पन्न (Advance life support) सहितको एम्बुलेन्स खरिद गर्ने र सोको लागि नपुग हुने रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी विनियोजन गर्ने, साथै उक्त सुविधा सम्पन्न एम्बुलेन्स खरिद गर्ने प्रयोजनका लागि सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा निम्न सदस्य रहेको खरिद समिति गठन गर्ने निर्णय गरियो ।

**एम्बुलेन्स खरिद समिति**

| | | |
|---|---|---|
| १. | श्री रुद्र बहादुर गैरे | संयोजक |
| २. | श्री सुदीप पौडेल | सदस्य |
| ३. | श्री रविचन्द्र ठाकुर | सदस्य |
| ४. | श्री बलराम न्यौपाने | सदस्य |
| ५. | श्री राजेश शैनी | सदस्य सचिव |

५. कपिलवस्तु नगरपालिका वडा नं. ३ स्थित बुद्ध ज्योति बोर्डिङ्ग स्कुलले कपिलवस्तु अस्पतालमा अक्सिजन प्लान्ट स्थापनाको लागि सहयोग बापत रकम रु. ५० (पचास) हजार प्रदान गरेकोमा सो रकमलाई एम्बुलेन्स खरिदको लागि खर्च गर्ने निर्णय गरियो ।

६. कपिलवस्तु नगरपालिकाको मरम्मत सम्भार कोषमा विनियोजित रकमबाट तपसिलका मरम्मत सम्भार कार्यमा देहायका रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. क.व.न.पा. वडा नं. १ स्थित गेष्ट हाउस मरम्मत सम्भारमा रकम रु. ३ लाख ५० हजार विनियोजन गर्ने उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने ।

२. नगरपालिका बजार क्षेत्रमा जडान गर्ने सि.सि.टि.भि. क्यामराको लागि रकम रु. ३ लाख ५८ हजार थप गरी उपभोक्ता समिति मार्फत कार्य गर्ने ।

३. रामघाट हनुमान मन्दिरमा रकम रु. ४ लाख थप गरी उपभोक्ता समिति मार्फत कार्य गर्ने ।

प्रमाणित

७. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पाकेट) विकास कार्यक्रम सञ्चालन सम्वन्धमा सूचनाको म्याद भित्र ५ वटा वडाको कुल ६ वटा कृषक समुह /सहकारी/फार्मबाट धानको पकेट क्षेत्रको लागि आवेदन आएकोले उक्त सबै आवेदकहरुलाई बढीमा रु ३ लाखको दरले उक्त शीर्षकबाट अनुदान रकम दिने निर्णय गरियो ।

८. एक स्थानीय तह एक उत्पादन कार्यक्रम सम्बन्धमा एक स्थानीय तह एक उत्पादन कार्यक्रमको लागि ५ कट्ठा तरकारी खेती गरेको कृषकहरुलाई लक्षित गरी कार्यक्रम संचालनको मिति २०७७।१०।०५ गते सूचना प्रकाशन गरेकोमा गाई वस्तु तथा बाखाहरुको छाडा प्रथा तथा बारबन्देजको कमीको कारणले ५ कट्ठा भन्दा माथि तरकारी खेती गरेको नपाइएको सन्दर्भमा यस कार्यक्रमको लागि आवेदन दिएको तथा ३ कट्ठा भन्दा बढी जगगामा तरकारी खेती गरेका कृषकहरुलाई कार्यक्रममा सहभागी गराउने निर्णय गरियो ।

९. मिति २०७७ मंसिर १६ गतेको निर्णय अनुसार शिक्षा तर्फको विद्यालय भवन निर्माण तर्फ विनियोजित रकम रु. ६० लाखलाई कपिलवस्तु नगरपालिका वडा नं. ३ श्री गुम्बा प्रा.वि. डेरवा विद्यालय भवन निर्माणमा रु. २५,०००,०००/- विनियोजन गरिएकोमा रकम रु. २,०५८९३४/- को सम्झौता सम्पन्न भएको, वडा नं. ५ अधुरो भवन मर्मत दलदलहालाई विनियोजित रकम रु. ८४१,०००/- मा रकम रु. ५६४,३०४/- मा सम्झौत सम्पन्न भएको तथा वडा नं. १२ श्री आधारभूत प्रा.वि. पिपरहवा विद्यालय भवन निर्माणमा विनियोजित रकम रु. २८,००,०००/- मा रु. २,०९७,९५९/- को सम्झौता सम्पन्न भएकोमा जम्मा विनियोजित रकम रु. ६९,४१,००० मध्ये रकम रु. ४,७२१,१९७/- को सम्झौता भएकोमा बाकी रहेको रकम रु. १९,१६,४९०/- लाई क.व.न.पा. ४ श्री किर्ती प्रा.वि. महुवाको विद्यालय भवन निर्माणमा विनियोजन गर्ने साथै उक्त निर्माण कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने निर्णय गरियो ।

१०. मिति २०७७ भदौ १९ गतेको "सघन सहरी विकास कार्यक्रम संचालन समन्वय तथा सहजीकरण समिति"को बैठकबाट संघीय आयोजना कार्यान्वय इकाईद्वारा संचालित सघन शहरी विकास कार्यक्रम अर्न्तगत कपिलवस्तु न.पा. भित्रको **कृषि विकास बैंक देखी महिता (१४००मी.)** सडक खण्ड Package-2 अर्न्तगत श्री सन्तोषी/लुम्बिनी/अषिश जे.भी.बाट नै उक्त सडक खण्डको निर्माण कार्य गर्नको लागि सम्बन्धित निर्माण व्यवसायीको प्रतिनिधि र समितिको पदाधिकारीहरुको बैठकबाट निर्णय भएकोमा सम्बन्धित निर्माण व्यवसायीले हालसम्म उक्त सडकको केही भागमा मात्र नाली निर्माण गरी सवारी साधनहरुलाई पनि अवरोध पुग्ने गरी निर्माण कार्य अलपत्र पारी काम छाडी हिडेको साथै उक्त सडकमा सवारीको चाप अत्याधिक भई साविकमा भएको सडक पनि जीर्ण भएको, केही भागमा मात्र नाली निर्माण गरी छाडदा पानीको प्राकृतिक वहाव समेत अवरुद्ध भई ठाउंठाउंमा जलजमाव भई सवारी अवागमनमा निकै समस्या रहेकाले उक्त सडक यथाशीघ्र निर्माणको लागि पहल गरिदिनुको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

११. यस नगरपालिकाबाट संचालन हुने रु. ५० हजार सम्मको योजनाहरुको प्राविधिकबाट तयार भएको लागत अनुमान, विल भरपाइ, सार्वजनिक लेखा परीक्षण र वडाको सिफारिसको आधारमा सोझै भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित।
२०७८।२।६